# नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान

## केन्द्रीय कार्यालय

नास्ट

# सार्वजनिक सूचना !!!

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नाष्ट) खुमलटार ललितपुरको पहल तथा व्यवस्थापनमा यस प्रज्ञा प्रतिष्ठान (नाष्ट) र अन्तरिक्ष प्रतिष्ठान नेपाल काठमाडौं बिच सहकार्यमा निर्माण भएको " मुनाल " (MUNAL) नेपालको गौरवको रुपमा नेपालभित्र नै निर्माण गरिएको भू-उपग्रह हो । यसमा नेपालका विभिन्न चार उच्च माध्यामिक विद्यालयको नौ जना विद्यार्थीहरुलाई इन्जिनियर्सहरुको सहयोग मार्फत यस भू-उपग्रह २ वर्ष लगाएर निर्माण गरिएको हो ।

उक्त 'मुनाल " (MUNAL) भू-उपग्रहलाइ भारत सरकारको सहयोगमा आज मिति २०८२ पौष २८ गते (12th Jan 2026) भारतिय अन्तरिक्ष अनुसन्धान संगठन (ISRO) को PSLV-62 रकेट मार्फत अन्तरिक्षमा प्रक्षेपण गरिएको थियो ।

अन्तरिक्षको प्रक्षेपणको प्रारम्भिक चरणहरु सफल भएता पनि ISRO को आधिकारिक जानकारी अनुसार रकेटको तेश्रो चरण (3rd Stage) को संचालनमा प्राविधिक समस्या (Anomaly) देखा परेको थियो । रकेटको तेश्रो चरणको अन्त्यतिर केहि अस्थिरता देखिएको र उडानको मार्गमा विचलन आएको हालसम्म जानकारी प्राप्त भएको छ ।

यस " मुनाल " (MUNAL) भू-उपग्रहमा सहायोग र साथ दिनुहुने नेपाल सरकार, भारत सरकार, ISRO, NSIL, नेपाल स्थित भारतिय दुतावास, अन्तरिक्ष प्रतिष्ठान नेपाल, भू-उपग्रहमा संलग्न विद्यार्थीहरु, संलग्न विद्यालय परिवार, पत्राकार तथा Media House लगायत सम्पूर्णमा हार्दिक धन्यवाद व्यक्त गर्दछौ र यो सूचना जारि गरिन्छ ।

डा. बुद्धराम शाह
कार्यवाहक उपकुलपति
नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नाष्ट)